आज मिति २०७५।१२।२० गते बेलबारी नगरपालिकाको नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको संयोजकत्वमा बेलबारी सभा कक्षमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को (ठ) मा भएको व्यवस्था अनुसार स्थानीय तह बिचको साझा सरोकारको विषयमा अन्तर स्थानीय तह संयूक्त समन्वय समितिको वैठक तपशिलको उपस्थितिमा बस्यो ।

तपशिल

संयोजकः नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदी बेलबारी न.पा.

सदस्यः नगर प्रमुख श्री शिव प्रसाद ढकाल सुन्दरहरैचा न.पा.

सदस्यः अध्यक्ष श्री रोहित कार्की केरावारी गा.पा.

आमन्त्रित

प्र.प्र.अ. श्री गणेश प्रसाद दाहाल बेलबारी न.पा.

प्र.प्र.अ. श्री रविन्द्र वस्ती सुन्दरहरैचा न.पा.

प्र.प्र.अ. श्री पुन्य प्रसाद पौडेल केरावारी गा.पा.

शाखा अधिकृत श्री महेन्द्र खड्का बेलबारी न.पा.

सहायक पाचौ श्री प्रदिप आर्चाय बेलबारी न.पा.

सहायक पाचौ श्री बलराम गौतम बेलबारी न.पा.

" " श्री शालिग्राम दाहाल सुं.ह.न.पा.

प्रस्तावहरु

१. लोहन्द्रा खोलाको श्रोत विक्री कर बाडफाँड सम्बन्धमा ।

२. स्थानीय पूर्वाधार सेवा शुल्क वापतको रकम बाडफाँड सम्बन्धमा ।

निर्णयहरु

**निर्णय नं. १:** लोहन्द्र खोलाको ढुंगा, गिटी, बलुवा, भरौट आदी प्राकृतिक एवं खानीजन्य वस्तुको श्रोत बिक्री सम्बन्धमा मिति २०७५।५।८ मा भएको अन्तर स्थानीय तह संयूक्त समन्वय समितिको वैठको निर्णय अनुसार बेलबारी नगरपालिकालाई ठेक्का बन्दोबस्त गर्ने जिम्मेवारी दिए बमोजिम मिति २०७५।५।१४ नदिजन्य वस्तुको उत्खनन सम्बन्धीको सूचना प्रकाशन गरि मिति २०७५।६।२१ गते मोरङ कन्ट्रक्शन गोदावारी ललितपुर ११ सँग संझौता गरिएकोमा सो समय भन्दा अघि असोज १ गते देखि असोज २१ गते सम्म बेलबारी १ निवासी हेम कुमार गुरुङसँग संझौता गरि अमानतबाट कार्य गरिएको हुदाँ बिक्री तर्फको तपशिल बमोजिमको प्राप्त राजस्व प्रदेश सरकार र अन्तरपालिका बिच रकम बाडफाँड गर्ने साथै तिनै पालिकाको संयूक्त ठेक्का बन्दोबस्त भएको हुदाँ प्रदेश सरकारलाई पठाउनु पर्ने रकम समेत बेलबारी नगरपालिका मार्फत पठाई सोको जानकारी सुन्दरहरैचा न.पा. र केरावारी गा.पा.लाई दिने निर्णय गरियो ।

**१ ठेक्का तर्फ**

| | |
|---|---|
| ठेक्काको रकम(मू.अ.कर बाहेक) | २६३२११११ |
| १० प्रतिशतले हुन आउने छुट रकम रु. | २६३२१११ |
| ठेक्का तर्फको बाडफाड योग्य रकम रु. | २३६८९००० |

**२ अमानत तर्फ**

| | |
|---|---|
| कुल दाखिला गरेको रकम रु. | ९१६९०५ |
| २५% फिर्ता रकम रु. | २२९२२६ |
| अमानत तर्फको बाडफाँड योग्य रकम रु. | ६८७६७९ |

**३ प्रदेश र स्थानिय तहमा बाडफाँड**

| | |
|---|---|
| ठेक्का तर्फको बाडफाँड योग्य रकम रु. | २३६८९००० |
| अमानत तर्फको बाडफाँड योग्य रकम रु. | ६८७६७९ |
| जम्मा बाडफाँड योग्य रकम रु. | २४३७६६७९ |
| प्रदेश तर्फ ४०% हुने रकम रु. | ९७५०६७२ |
| स्थानीय तर्फ ६०% हुने रकम रु. | १४६२६००७ |

४ पालिका विच रकम बाडफाँड

| | |
|---|---|
| स्थानीय तर्फ ६०% रकम रु. | १४६२६००७ |
| व्यवस्थापन खर्च रु. | १७१९१३ |
| पालिका विच खुद बाडफाँड योग्य रकम रु. | १४४५४०९४ |

| रकम बाडफाँड हुने पालिकाको नाम | उत्पादन परिमाण (घनमिटर) | परिमाण प्रतिशत | बाडफाँड योग्य रकम | रकम बाडफाँड | बाटो मर्मत खर्च | खुद पाउने रकम रु. |
|---|---|---|---|---|---|---|
| केराबारी गाँउपालिका | ५०००० | १८.४५ | १४४५४०९४ | २६६७०५३ | ९२१६४ | २५७४८८९ |
| बेलबारी नगरपालिका | १३४९०४ | ४९.७८ | | ७१९५९२२ | ८१२९०२ | ६३८३०२० |
| सुन्दरहरैचा नगरपालिका | ८६०७१ | ३१.७६ | | ४५९१११८ | ५९४००४ | ३९९७११४ |
| जम्मा | २७०९७५ | १०० | | १४४५४०९४ | १४९९०७० | १२९५५०२४ |

य नं. २: स्थानीय पूर्वाधार सेवा सम्बन्धमा लालभित्ती केरावारी डागी सडकको ठेक्का बन्दोबस्त रु. ५००००।०० भएको हुदाँ तपशिल बमोजिम रकम केरावारी र बेलबारी पालिका बिच वाडफाँड गर्ने निर्णय गरियो ।

सडकको नामः लालभित्ती केरावारी डागी सडक

| रकम बाडफाँड हुने पालिकाको नाम | जम्मा लम्बाई कि.मि. | परिमाण प्रतिशत | बाडफाँड योग्य रकम | खुद बाडफाँड रकम रु. |
|---|---|---|---|---|
| केराबारी गाँउपालिका | ८ | ७२.७३ | ५०००० | ३६३६४ |
| बेलबारी नगरपालिका | ३ | २७.२७ | | १३६३६ |
| जम्मा | ११ | १०० | | ५०००० |